खैरहनी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खैरहनी, चितवन, नेपाल

आन्तरिक आयतर्फको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०७५।११।१६**

खैरहनी र राप्ति नगरपालिकाको सिमानामा पर्ने लदरी खोलाबाट दिगो रुपमा खोलाजन्य पदार्थ उत्खनन् तथा विक्रि व्यवस्थापन कार्य बाट राजश्व असूली सम्बन्धि कार्य न्युनतम कबोल अंकमा बढाबढका आधारमा आ.व.२०७५।७६ को बाँकी अवधिका लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ ।

**ठेक्का विवरण:**

१. ठेक्का नं.:- 007/income2/CHT-KMun/NCV/2075-076

२. ठेक्काको विवरण :-लदरी खोलाबाट दिगो रुपमा खोलाजन्य पदार्थ उत्खनन् तथा विक्रि व्यवस्थापन कार्य

३. संकलन तथा उत्खनन् गर्नु पर्ने अधिकतम मात्रा :- ६६१५००.०० घन फिट

४. विक्रिदर : रु.९।०० प्रति घनफिट (कर बाहेक)

५. न्यूनतम कबोल अंक :- रु.५९,५३,५००।०० (अक्षरुपी उन्साठी लाख त्रिपन्न हजार पाँच सय मात्र) (कर बाहेक)

६. बोलपत्र दस्तुर : रु.३०००।००

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. उपरोक्त ठेक्काको लागि बोलपत्र फाराम सूचना प्रकाशित भएको १५ औं दिन सम्म कार्यालय समय भित्र खैरहनी नगरपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ, अथवा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत समेत बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फाराम शुल्क बापत रु.३०००।०० फिर्ता नहुने गरी कार्यालय मै बुझाउन सकिनेछ वा यस कार्यालयको तपसिल बमोजिमको बैंक खाता मार्फत बोलपत्र फाराम बापतको शुल्क दाखिला गर्न सकिने ।

**तपसिल**

बैंकको नाम : कृषि विकास बैंक शाखा पर्सा, चितवन ।

खाता नं. : ०५०९१०११५१०६४०१९

३. सूचनाको मितिले १६ औं दिन दिनको १२:०० बजे अगावै रितपूर्वक कार्यालयमा वा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र फाराम दर्ता गर्न सकिनेछ । यसरी दर्ता भएका बोलपत्रहरु सूचनाको मितिले १६ औं दिन दिनको २:०० बजे यसै कार्यालयमा खोलिनेछ । बोलपत्र खोल्दा विभिन्न कार्यालय र बोलपत्र दाताको रोहवरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थितिले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनिको व्यवसायीक प्रमाण पत्र (कम्तिमा 'घ' वर्गको निर्माण व्यवसायी प्रमाणपत्र प्राप्त), स्थायी लेखा नं., पान नं. मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आर्थिक वर्ष २०७४।०७५ को कर चुक्ता प्रमाण पत्रप्रतिलिपी, बोलपत्र वापतको दस्तुर तिरेको प्रमाण, कबोल अंक **(मु अ कर समेत)** को ५ प्रतिशत धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोपाइटर वा आधिकारीक प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वंम घोषणाको निवदेन अनिवार्य रुपमा संलग्न राखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

५. बोलपत्र जमानतका लागि नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको कमर्सियल बैंकले विना सर्त जारी गरेको विडबोण्ड वा यस कार्यालयको तपसिल बमोजिमको बैंक खातामा रकम जम्मा गरेको भौचरको सक्कलै प्रति पेश गर्नु पर्नेछ । बोलपत्र जमानत बापत कार्यालयमा नगदै जम्मा गर्ने कार्य स्वीकार गरीने छैन ।

**<u>तपसिल</u>**

बैंकको नाम : कृषि विकास बैंक शाखा पर्सा, चितवन ।

खाता नं. : ०५०९१०११५१०६४०४३

६. ठेक्काअवधि २०७६ साल जेष्ठ मसान्तसम्म रहनेछ । ठेक्का अवधिमा बन्द, हडताल आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन । वातावरणीय संरक्षण कार्यलाई उच्च प्राथमिकतामा राख्दै स्वीकृत IEE प्रतिवेदनको परिधि भित्र मात्र खोलाजन्य सामाग्री उत्खन गर्न पाइने छ । IEE प्रतिवेदनले निषेध गरेको अवधि र क्षेत्रबाट खोलाजन्य सामाग्री उत्खन नगर्न पाइने छैन ।

७. खोलाजन्य सामाग्री उत्खनका लागि छनौट भएको बोलपत्रदाताले नियमानुसार उल्लेखित ठेक्काको कबोल अंकको मुल्य अभिबृद्धिकर (१३ प्रतिशत) र अग्रीम आयकर (१.५ प्रतिशत) सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा नियमित रुपमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. धरौटी बापतजम्मा गरेको रकमलाई कार्यालयमा दाखिला गर्नु पर्ने रकमको किस्तमा समावेश गर्नपाइने छैन, र उक्त धरौटी नियमानुसार कागजात पेश गरीसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र दाखिला गर्दा कुनै किसिमको सर्त मान्य हुनेछैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

११. ठेक्कामा कुनै विवाद भएमा खैरहनी नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१२. बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१३. खोलाजन्य सामाग्री उत्खनन् तथा निकाशी गर्ने बाटो मर्मत तथा व्यवस्थापन सम्बन्धित ठेक्केदार स्वयंले गर्नुपर्नेछ, र सो बापत लाग्ने खर्च दावि गर्न पाइनेछैन । खोलामा रहेको पुलको दायाँबायाँ ५०० मि. सम्म र खोलाको दायाँबाँया रहेको कुलो, नहर, तटबन्धको ५० मि. क्षेत्र भित्र उत्खनन् गर्न पाइने छैन ।

१४. सूचनामा उल्लेखित उत्खनन् गर्ने खण्डहरुको GPS Points निर्धारण भएकोमा सो भित्रको उपखण्ड कायम हुँदा वा कायम भए बमोजिम निषेधित क्षेत्र परी GPS Points फरक हुन गएमा उक्त विषयको जानकारी र सोसंग सम्बन्धि कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१५. बोलपत्रसाथ रहने जानकारी तथा शर्तहरु यसै सूचनाको शर्त सरह मान्यहुनेछन् ।

१६. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून र नगरपालिकाको निर्णय बमोजिमहुनेछ ।